फोन नं. ०२३-४६५५०२

# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कृषि विकास शाखा
## शनिश्चरे, झापा

पत्र सं.२०७४/०७५
च.नं.: 662

**प्रथम पटक प्रकाशित मितिः २०७४/०८/२८**

## विषयः ईच्छा पत्र पेश गर्ने बारेको सूचना !!!

अर्जुनधारा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, कृषि विकास शाखाको चालु आ.व.२०७४/०७५ को प्रधानमन्त्री कृषि आधुनिकिकरण कार्यक्रम अन्तरगत स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस नगरपालिका क्षेत्रहरुमा तपसिल अनुसारका कार्यक्रमहरु संचालन गर्नुपर्ने भएकोले उक्त कार्यक्रममा संलग्न हुन ईच्छुक कृषक समुह/कृषि सहकारी संस्था/जल उपभोक्ता संस्था/कृषि कम्पनी / कृषि फर्म तथा उद्यमी कृषकहरुले आवश्यक कागजातहरु सहित यही मितिः २०७४/०९/३० गते कार्यालय समय भित्र यस नगरकार्यपालिकाको कार्यालय कृषि विकास शाखामा आवेदन पेश गर्नहुन सम्बन्धित सवैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

१. **साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम : ४ वटा (धान,तरकारी, माछा, मौरी, अन्य वालीमा जम्माः ४ वटा पकेट)** ; संचालन हुने क्षेत्रः अर्जुनधारा नगरपालिकाका सम्भावित स्थानहरु ; क्षेत्रफल : वाली/वस्तुमा प्रति पकेट १० हेक्टर (१५ विगाहा) वा मौरीको हकमा न्यूनतम ५०० आधुनिक घारमा मौरी पालन गर्ने वा कन्ये र गोब्रे च्याउको हकमा न्यूनतम १००० के.जी. वीउ उपयोग गरी खेती गर्ने वा शिताके च्याउको हकमा न्यूनतम १०००० मुढामा खेती गर्ने वा प्लाष्टिक घरमा गरिने खेतीको हकमा कम्तिमा १ हेक्टर क्षेत्रफलमा फैलिएको प्लाष्टिक घरहरु भएको वा माछापालनको हकमा न्युनतम ६ हेक्टर जलाशय क्षेत्रफलमा फैलिएको हुनुपर्ने छ ।

**निवेदन सहित पेश गर्नुपर्ने आवश्यक कागजातहरुः**

१. निवेदनमा रु.१० को टिकट टाँस गर्नु पर्ने ।
२.समुह/संस्था/उद्यमी कृषकको नाम ठेगाना, सम्पर्क नं., कार्यक्रममा भाग लिने जग्गाको क्षेत्रफल खुलेको निवेदन ।
३.समुह/संस्था/को दर्ता प्रमाण पत्र, संस्थाहरुको हकमा पान नं.(स्थायी लेखा नं), करचुक्ता प्रमाणपत्रको प्रतिलिपी ।
४.समुह/संस्था/हरुले भाग लिने जग्गाको क्षेत्रफल खुलेको निर्णयको प्रलिलिपी ।
५.कार्यक्रम संचालन हुने स्थलको जग्गाको स्वामित्व देखिने कागजातको प्रतिलिपी वा लिजमा लिएको स्थलमा संचालन गर्ने भए कम्तीका १० वर्षको लागि गरिएको करारनामा वा भाडा सम्झौता-पत्र ।
६.नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
७.नगरपालिका वडा कार्यालयको सिफारिस ।

**छनौटका आधारहरु :**

१.सडकको पहुँच, सिंचाई, विद्युतको उपलब्धता भएको वा हुन सक्ने ।
२.तोकिएको क्षेत्रफल चक्लाबन्दी भएको वा हुन सक्ने वा एउटै कोरिडोरमा रहेको ।

थप जानकारीको लागि अर्जुनधारा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय कृषि विकास शाखा, शनिश्चरे झापाको फोन नं.०२३- ४६५५०२ मा सम्पर्क राख्न हुन अनुरोध छ ।

शाखा अधिकृत